कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश खेलकुद विकास बोर्ड

विराटनगर, नेपाल

प.सं. २०८३/०८४

मिति: २०८३/०६/०९

च.नं.

## प्रस्ताव आह्वान (RFP) सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०६/०९)

प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशको स्वीकृत वार्षिक कार्यक्रम अनुसार चालू आर्थिक वर्षमा "राष्ट्रिय स्तरको आई.टि.एफ. तेक्वान्दो (ITF Taekwondo) प्रतियोगिता" सञ्चालन गर्नुपर्ने भएकाले सो कार्यका लागि योग्यता तथा अनुभव पुगेका इच्छुक खेलकुद संघ, संस्था वा निकायहरूबाट रीतपूर्वकको प्रस्ताव (Proposal) आह्वान गरिन्छ।

तसर्थ, प्रतियोगिता सञ्चालन गर्न इच्छुक संघ/संस्थाहरूले यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र (अर्थात् मिति २०८३ साल असोज १५ गते कार्यालय समयभित्र) तपसिल बमोजिमका आवश्यक कागजात तथा विस्तृत कार्ययोजनासहित यस बोर्डको कार्यालय (विराटनगर)मा दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल (आवश्यक संलग्न कागजातहरू):**

१. संस्था/संघ दर्ता प्रमाणपत्र (अद्यावधिक/नवीकरण भएको)

२. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र

३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र

४. संस्थाको विगतमा खेलकुद प्रतियोगिता/कार्यक्रम संचालन गरेको अनुभवको विवरण

५. प्रतियोगिता संचालन गर्ने संस्थाको आधिकारिक निर्णय र प्रतिबद्धता पत्र

६. पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण (Audit Report) प्रतिवेदन

७. प्रतियोगिता संचालन सम्बन्धी विस्तृत कार्ययोजना तथा बजेट प्रस्ताव

८. राष्ट्रिय/अन्तर्राष्ट्रिय आई.टि.एफ. तेक्वान्दो महासंघ/संघको सम्बन्धन तथा मान्यता सम्बन्धी प्रमाणपत्र

पुनश्चः म्याद नाघी आएका वा रित नपुगेका प्रस्तावहरू उपर कुनै कारवाही नगरिने व्यहोरा समेत सूचित गरिन्छ ।

विप्लव घोष

सदस्य सचिव

फोन नं. ०२१-५९०६६० इमेल: psdb147@gmail.com